# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९

चलानी नं. :-

मिति :-

**सूचना नं. : ५**

**सेवा करारमा लिने सम्वन्धि सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०७८।०६।२२ गते**

विहादी गाँउपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा रहि कार्य गर्ने गरि देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारीहरु आवश्यक परेको हुँदा खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त फाराम भरि राजश्व तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | सेवा/समुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/०७८-७९ | अ.न.मी. (चौथो तह) | स्वास्थ्य/क.न. | १ | रोमिङ्ग |
| २. | २/०७८-७९ | ल्याव असिस्टेन्ट (चौथो तह) | स्वास्थ्य/मेडिकल ल्याव | १ | |
| ३. | ३/०७८-७९ | डार्करुम असिस्टेन्ट (चौथो तह) | स्वास्थ्य/रेडियोग्राफी | १ | |

१. योग्यता :
   - क. नेपाली नागरिक हुनुपर्ने छ ।
   - ख. न्यूनतम शैक्षिक योग्यता : माथि उल्लेखित पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्रप्त शिक्षण संस्था वा विश्वविधालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसुचि ६ बमोजिम सम्बन्धित समुह तथा उप समुहमा रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको र सम्बन्धित व्यासायिक परिषदमा दर्ता तथा नविकरण भएको हुनु पर्नेछ ।
   - ग. सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।
   - घ. उमेर हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
   - ङ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

२. दरखास्त दिने विधि: योग्यता पुगेका ईच्छुक उमेदवारहरूले यस गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त फारम भरेको फाईल पेश गर्नु पर्नेछ । दरखास्त फाराम यस गाउँपालिकाको वेवसाईट www.bihadimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।दरखास्त दस्तुर यस गाउँपालिकाको प्रभु बैंक विहादी शाखा को राजश्व खाता नं. 1460114984600041 मा दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगदै दाखिला गरेको नगदी रसिद समेत दरखास्त फाराम साथ संलग्न गरि पेश गर्नु पर्नेछ ।

३. दरखास्त दस्तुर: प्रत्येक पदका लागि रू ६००/- ।

४. दरखास्त दिने अन्तिम मिति: २०७८।०७।०५ गते कार्यालय समय भित्र।

५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: दरखास्त फाराम भरि फाराममा तोकिएको स्थानमा पासपोर्ट साईजको फोटो ३ प्रति टाँसि उमेदवारको व्यक्तिगत विवरण एस.एल.सी. देखि आवश्यक न्युनतम शैक्षिक योग्यता सम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

६. छनौट प्रकृया: विहादी गाउँपालिकाको स्विकृत **"विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७"** अनुरुप छोटो सूची र अन्तर्वार्ता।

७. सेवा सुविधा: सम्बन्धित पद ,तहको लागि **विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७"** र गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

८. छोटो सूची प्रकाशन र अन्तर्वार्ताको मिति अर्को सूचनाद्वारा गाउँपालिकाको वेवसाईट, फेसबुक पेज र सूचना पाटीमा प्रकाशन गरिनेछ।

९. थप जानकारीको लागि कार्यालयको मोवाईल नं. ९८५७६५०८७१ र स्वास्थ्य शाखाको मोवाईल नं. ९८६७१०३६९४ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**ध्रुव दयाल**

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूची – १

(बुँदा ५.३ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

विहादी गाउँ कार्यपालिकको कार्यालय

वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

| |
|---|
| हालसालै खिचेको<br>पासपोर्ट साईजको<br>पुरै मुखाकृति देखिने<br>फोटो यहाँ टास्ने र<br>फ़ोटो र फाराममा<br>गर्ने गरी उम्मेदवारले |

## करारको लागि दरखास्त फाराम

(क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धि विवरण :

१. विज्ञापन नं.      २. पद :      ३. सेवा :

४. समूह :      ५. उप-समूह :      ६. तह :

(ख) उम्मेदवारको वैयक्तिक विवरण:

| | | | |
|---|---|---|---|
| नाम, थर | (देवनागरीमा) | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.पा.: | ग) वडा नं |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल : |
| बाबुको नाम, थर : | | | जन्म मिति : (वि.सं.मा) |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | |
|---|---|---|
| दायाँ | बायाँ | उम्मेदवारको दस्तखत : |
| | | मिति: |

| कार्यालयले भर्ने: | |
|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : | |
| <u>दरखास्त रुजु गर्नेको</u><br>नाम :<br>दस्तखतः<br>मिति : | <u>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको</u><br>दस्तखत:<br>मिति : |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
३) समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपि,
४) सम्वन्धित व्यवसायिक परिषदमा नाम दर्ता/नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
५) तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

विहादी गाउँ कार्यपालिकको कार्यालयको करार परीक्षाको

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा |
|---|

## प्रवेशपत्र

परीक्षार्थीले भर्ने:

| क) सेवा: | विज्ञापन नं. | किसिम/समुह |
|---|---|---|
| ख) समुह / उपसमूह: | | |
| ग) तह: | | |
| घ) पद: | | |
| ङ) परिक्षा केन्द्र | | |
| च) उम्मेदवारको | नाम, थर: | |
| | दस्तखत: | |

कार्यालयको कर्मचारीले भर्ने:

यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाइलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ । अन्तर्वार्तामा आउदा प्रमाणपत्रको सबै सक्कल कागजात र ई-मेलबाट मार्फत भरेको सक्कल दरखास्त फारम सहित उपस्थित हुनुपर्नेछ ।

परिक्षा केन्द्र: ................................

रोल नंबर: अधिकृतको दस्तखत

................................................................................................................................

विहादी गाउँ कार्यपालिकको कार्यालयको करार परीक्षाको

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

## प्रवेशपत्र

परीक्षार्थीले भर्ने:

| छ) सेवा: | विज्ञापन नं. | किसिम/समुह |
|---|---|---|
| ज) समुह / उपसमूह: | | |
| झ) तह: | | |
| ञ) पद: | | |
| ट) परिक्षा केन्द्र | | |
| ठ) उम्मेदवारको | नाम, थर: | |
| | दस्तखत: | |

कार्यालयको कर्मचारीले भर्ने:

यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाइलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ । अन्तर्वार्तामा आउदा प्रमाणपत्रको सबै सक्कल कागजात र ई-मेलबाट मार्फत भरेको सक्कल दरखास्त फारम सहित उपस्थित हुनुपर्नेछ ।

परिक्षा केन्द्र: ................................

रोल नंबर: अधिकृतको दस्तखत